# विद्युत नियमन आयोग

(नेपाल सरकारको विद्युत क्षेत्रको नियामक निकाय)

मितिः २०७८।०६।१३

प.सं. २०७८/०७९

च.नं. १४५

श्री अपि पावर कम्पनी लिमिटेड,

काठमाण्डौ ।

विषयः हकप्रद शेयर निष्काशन सम्बन्धमा ।

उपरोक्त विषयमा तहाँको हकप्रद शेयरको सार्वजनिक निष्काशन सम्बन्धी पूर्वस्वीकृतिका लागि निवेदन मिति २०७८।०३।२० मा यस आयोगमा प्राप्त भएको र सो कम्पनीका तर्फबाट मिति २०७८ भाद्र ३० गते आयोगमा गरेको प्रस्तुतिकरण र मिति २०७८।०६।०६ मा पेश गरेको थप आवश्यक कागजातहरू समेतको विश्लेषण गरी अपर चमेलिया आयोजनाका लागी चुक्ता पूँजी रू. २७५ करोड ८९ लाख १५ हजारको १:.३९३६३३ अनुपातले हुन आउने रु. १०८ करोड ६० लाख बराबरको रु. १००।- अंकित दरको १०८,६०,००० कित्ता हकप्रद शेयर निष्काशन गर्न विद्युत नियमन आयोग नियमावली, २०७५ को नियम ४५ बमोजिम तपसिलका शर्तहरु पालना गर्ने गरी पूर्व स्वीकृति प्रदान गर्ने साथै आयोगको मिति २०७६।०८।२६ को निर्णयको शर्त नं. (५) कार्यान्वयन गर्न हकप्रद शेयर जारी गर्दा अवितरित हुन आउने शेयर समेतबाट आयोजना प्रभावित स्थानिय वासिन्दाका लागि नेपाल धितोपत्र बोर्डसंग समन्वय गरी आवश्यकतानुसार शेयरको निष्काशन गर्न निर्देशन दिने आयोगको मिति २०७८/०६/०७ गतेको १३७ औं बैठकबाट निर्णय भएको व्यहोरा अनुरोध छ ।

शर्तहरुः

१. शेयर निष्काशनबाट प्राप्त रु. १०८ करोड ६० लाख रकम आयोजना निर्माणमा लगानी गर्नु पर्नेछ र सो समेत समावेश गरी ऋण र स्वलगानी (Debt:Equity) को अनुपात कायम गर्नु पर्नेछ ।

२. आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका बमोजिम कार्यान्वयन गर्न र निर्दिष्ट विषय सम्पादन गर्न समयसमयमा आदेश वा परिपत्र जारी गर्दा सोको परिपालना कम्पनीले गर्नुपर्नेछ ।

३. प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर बुझाउनु पर्ने भएमा सम्बन्धित निकायमा सो कर बुझाउनुपर्नेछ ।

४. कम्पनीले आयोगबाट समय समयमा जारी भएको मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धि निर्देशन पालना गर्नुपर्नेछ ।

५. हकप्रद शेयरको निष्कासनको विवरणपत्रमा प्रकाशन गरिने विवरणपत्रमा धितोपत्रसम्बन्धी प्रचलित कानुन बमोजिमका विवरणको अतिरिक्त देहाय बमोजिमको विवरण समेत समाबेश गर्नु पर्नेछः

(क) निर्माणाधीन जलविद्युत आयोजनाको हकमा विद्युत खरिदबिक्रि सम्झौतामा समावेश भए अनुरूप बिक्रि हुने बिद्युत ऊर्जाको मासिक परिमाण, बिक्रि दर र सो अनुसारको आय विवरण उल्लेख भएको बाह्रै महिनाको तालिका ।

**विद्युत नियमन आयोग**
काठमाडौं, नेपाल
इमेलः info@erc.gov.np | वेवसाइटः www.erc.gov.np
फोनः +९७७-१-४५२२४४२, ४५३९००४, ४५४३३९० | फ्याक्स : +९७७-१-४४३२५८२

(ख) विद्युत उत्पादन शुरू भइ सकेका आयोजनाको हकमा माथि खण्ड (क) को तालिका र गत आर्थिक बर्ष र चालु आर्थिक बर्षमा बिक्री भएको विद्युत ऊर्जाको मासिक परिमाण, बिक्रि दर एवम् बिद्युत खरिदकर्ताले भुक्तानी गरेको रकम समेत उल्लेख भएको बाह्रै महिनाको तालिका ।

(ग) कम्पनीले संचालन गरेका र स्वामित्वमा रहेका आयोजनाको विवरण, अनुमतिपत्रको बाँकी अवधी, ऋण लिएको समय र रकम, सो भुक्तानी गर्ने अवधि ।

(घ) खण्ड (ग) बमोजिमका आयोजनाको लागत रकम, विगत प्रत्येक वर्षको आम्दानी र संचालन खर्चको विवरण ।

(ङ) विद्युत ऐन, २०४९ बमोजिम साविक रोयल्टीमा वृद्धि हुने बाँकी अवधी ।

(च) प्रचलित कानुन बमोजिम आयोजनाले प्राप्त गर्ने आयकर लगायतका कर छुट सम्बन्धी विवरण र सो छुट हुने बाँकी अवधी ।

६. आयोजना सम्पन्न भए पश्चात सोको कुल लागत सर्वसाधारणको जानकारीको लागि प्रकाशन गर्नुपर्ने र सोको जानकारी आयोगलाई दिने ।

बोधार्थः

श्री नेपाल धितोपत्र बोर्ड,

काठमाण्डौ ।

(नूतन प्रकाश शर्मा)

सचिव

**विद्युत नियमन आयोग**
काठमाडौं, नेपाल
इमेल: info@erc.gov.np | वेबसाइट: www.erc.gov.np
फोन: +९७७-१-४५२२४४२, ४५३९००४, ४५४३३९० | फ्याक्स : +९७७-१-४४३२५८२